नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
(स्थानीय प्रशासन शाखा)

☎ ०९१-५२११०१ 🖷 ५२६४४७
daokailali@moha.gov.np
dao.kailali@gmail.com
daokailali.moha.gov.np
facebook.com/daokailali/
PH3R+63, Dhangadhi
धनगढी,कैलाली

प.सं. ०८२।८३
च.नं.

मिति:-

## विषयः सेवा प्रवाह सम्वन्धमा ।

मिति २०८२ भाद्र २४ गतेको विरोध प्रदर्शन पश्चात उत्पन्न भएको असहज परिस्थितिमा यस कार्यालयवाट प्रवाह हुने विविध सेवालाई पूर्ववत रुपमा सञ्चालन गर्न कार्यालयको तर्फबाट तपसिल अनुसार अधिकतम प्रयास भइरहेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि निर्देशानुसार अनुरोध छ।

तपसिल

१. **नेपाली नागरिकता सम्वन्धि**

क. मिति २०८२।०५।२९ गतेबाट (कोठा नं.१०२) नेपाली नागरिकता (नयाँ) सम्वन्धि सेवा प्रारम्भ भई सकेको।

ख. मिति २०८२।०५।२९ गतेबाट (कोठा नं.१०१) नागरिकताको प्रतिलिपि सम्वन्धि सेवा प्रारम्भ भई सकेको।

२. **राष्ट्रिय परिचय पत्र सम्वन्धि**

क. सेवाग्राहीको भीडलाई मध्यनजर गरी अर्को सूचना जारी नभएसम्मका लागि सार्वजनिक विदा बाहेकका अन्य दिनहरूमा बिहान ७:०० बजेबाट (कोठा नं. ११२) राष्ट्रिय परिचय पत्र विवरण दर्ता समवन्धि कार्य मिति २०८२।०६।२० गते देखि सञ्चालन भईसकेको । सोही सम्वन्धमा चुरे र कैलारी गाँउपालिकाका वाहेकका सेवाग्राहीहरुलाई पहिलो सिफ्टमा (विहान ७:०० वजेदेखि १२:००) सेवा लिन सूचना जारी गरिएको।

ख. हाल राष्ट्रिय परिचय पत्र सेवाका लागि टोकन प्रणाली अनिवार्य गरिएको हुँदा सेवाग्राहीहरुलाई टोकन लिई आफ्नो पालो सुनिश्चित गरेर मात्र सेवा लिनु हुन अनुरोध गरिन्छ।

ग. यस कार्यालयबाट र अभियानका क्रममा दर्ता गरिएका अधिकांश सेवाग्राहीका राष्ट्रिय परिचय पत्रका कार्डहरु नष्ट भएको देखिएको हुँदा हाल कार्ड वितरण सम्वन्धि कार्य नहुने।

घ. अभियानका क्रममा दर्ता गरिएका मध्य नष्ट नभएका धनगढी उप.न.पा.-६ र कैलारी गा.पा.-७ मा कार्डहरु यस कार्यालयबाट मिति २०८२।०६।२० गतेबाट (कोठा नं. ११२) वितरण भईरहेको साथै अभियानका क्रमका गोदावरी न.पा.-८ का कार्डहरु मिति २०८२।०६।०२ गतेबाट सम्वन्धित स्थानीय तहबाटै विवरण भईरहेको।

३. **राहदानी (Passport) सम्वन्धमा**

क. प्रदर्शनका क्रममा अधिकांश राहदानी नष्ट भएका र नष्ट हुनबाट वचेका केही राहदानीहरुको हकमा मिति २०८२।०६।२१ गते यस कार्यालयले website मार्फत सूची प्रकाशित गरी सम्वन्धित सेवाग्राहीलाई सक्कल नागरिकता र राहदानीका लागि भरेको फाराम सहित कार्यालयमा सम्पर्क राखी वुझि लिन अनुरोध गरिएको।

ख. मिति २०८२।०६।२६ गते अपरान्ह २:०० वजेबाट नयाँ राहदानीको(Enrolment) सेवा सुरु गर्ने गरी काम भएको।

ग. नष्ट भएका/नभेटिएका राहदानीको हकमा राहदानी विभागसँग समन्वय भईरहेको।

**अन्य/थप जानकारीको लागि**

Website: - https://daokailali.moha.gov.np/
Facebook Page: - https://www.facebook.com/daokailali/
Tiktok page: - http://tiktok.com/@daokailali

०८२।६।२४
शिवराज जोशी
प्रशासकीय अधिकृत

मिति :- २०८२।०६।२४